# Consultation médicale par l'un des derniers Amchi du Mustang
# TENZING BISTA

बजार लाने तयारी
स्याङ्जाको मार्यांटारीमा काँक्रा टिप्दै

१५ | कान्तिपुर
आइतबार, १७ जेठ, २०६६

## अर्थ वाणिज्य

## धेरै स्कुलमा दरबन्दी खाली

कान्तिपुर संवाददाता

जुम्ला- हिमाली जिल्लाका विद्यालयमा ३५ विद्यार्थी बराबर १ शिक्षक दरबन्दी रहने व्यवस्था गरिने नीति भए पनि यहाँ भने त्यसो भएको छैन । उक्त अनुपातमा जिल्लाभर ६ सय ३६ प्रावि शिक्षक अपुग छ ।

स्वीकृति लिएर ८६ प्राथमिक विद्यालय सञ्चालनमा छन् । शैक्षिक सत्र ०६५ मा प्राविस्तरमा २२ हजार २ सय ६६ विद्यार्थी भर्ना भएका थिए । जिल्ला शिक्षाका प्राविधिक सहायक तुलाराम चौलागाईंका अनुसार ऐनअनुसार ६ सय ३६ प्राविस्तरको शिक्षक दरबन्दी खाली छ । चौलागाईं भन्छन्, 'जिल्लामा कम्तीमा पनि प्राविस्तरमा १ सय ४२ दरबन्दी थप हुन जरुरी छ । अहिले प्राविमा ४ सय ४० स्वीकृत दरबन्दी र ५४ जना राहत कोटाका छन् । यो अनुपात एक शिक्षक बराबर ४५.०१७ विद्यार्थी हुन आउँछ । यसैगरी जिल्लाका २६ निमाविमा ०६५ सालमा ४ हजार ४ सय ६२ विद्यार्थीले अध्ययन गरेका थिए । यसमा ८० स्वीकृत शिक्षक दरबन्दी र ४७ राहत कोटा गरी अहिले १ सय २७ जनामात्रै कार्यरत छन् । ऐनअनुसार मिल्दोजुल्दो शिक्षक/विद्यार्थी अनुपात रहेको निमाविमा १ शिक्षक बराबर ३५.१३ हुन आउँछ । जिल्लामा ५ स्वीकृत १८ वटा अनुमतिप्राप्त तथा ३ वटा संस्थागत निजी बोर्डिङ गरी २६ वटा निमावि छन् ।

यसैगरी शैक्षिक सत्र ०६५/०६६ मा जिल्लाका २४ माविमा २ हजार २ सय ६९ विद्यार्थीले अध्ययन गरे । ६० मात्र सरकारी स्वीकृत शिक्षक दरबन्दी रहेको माविस्तरमा ५८ जना राहत कोटा थपिएपछि अनुपातमा शिक्षक अनुपात अली बढी देखिएको चौलागाईंले जनाए ।



**नाडी छाम्दै हेरौं त** | उपल्लो मुस्ताङको लोमान्थाङस्थित लो कुन्फेन मेडिकल स्कुलका प्रिन्सिपल तेन्जिङ विष्ट एक विदेशी पर्यटकको स्वास्थ्य नापजाँच गर्दै । आठ वर्षदेखि सञ्चालनमा रहेको यो आम्ची स्कुलमा मुगु, डोल्पा, हुम्ला, दोलखा, भोजपुर र मुस्ताङका गरेर ३० विद्यार्थी अध्यनरत छन् ।
तस्बिर : देवेन्द्र भट्टराई/कान्तिपुर